# भन्सार विभाग, त्रिपुरेश्वर

प्रेस विज्ञप्तीः

# नेपाल सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०७९ ले भन्सारतर्फ गरेका मूलभुत ब्यवस्था तथा परिवर्तनहरु को बारेमा संक्षिप्त विवरणः

१. विश्व भन्सार संगठनको वस्तु बर्गीकरण तथा संकेतीकरण प्रणालीको सातौं संस्करण, २०२२ कार्यान्वयनमा आएको,

## २. कृषि क्षेत्रको विकासका लागि देहाय बमोजिमका व्यवस्थाहरु गरिएको ,

- माछापालन ब्यवसायको प्रवर्द्धनको लागि सवै प्रकारका माछा तथा माछाजन्य उत्पादन र सी फुडको पैठारीमा लाग्ने महसुल बृद्धि,
- ब्यवसायीक फलफुल खेतीको प्रवर्द्धनको लागि केरा, भुइकटहर, एभोकाडो, आँप अम्बा जस्ता फलफुलको पैठारीमा लाग्ने महसुलमा बृद्धि गरिएको,
- कृषिजन्य उत्पादनहरुको संकलन तथा बजारीकरण गर्नको लागि स्थानीय निकायले पैठारी गर्ने एक थान कृषि एम्बुलेन्स वा ढुवानीको साधनमा लाग्ने भन्सार महसुल पूर्ण छुट,
- पशुपालनलाई प्रवर्द्धन गर्न कृषकहरुले आयात गर्ने पशु चौपायाका लागि ओछ्याउने म्याटमा लाग्ने महसुल पूर्ण छुट,
- कृषि फर्म तथा कृषि सहकारीहरुले पैठारी गर्ने कृषि एम्बुलेन्स वा ढुवानीको साधनहरुको पैठारी महसुल छुटको ब्यवस्था गरिएको,
- कृषि सहकारीले संकलन गर्ने कृषिजन्य उत्पादन ढुवानी गर्न पैठारी गर्ने एक थान ढुवानीको साधनमा लाग्ने महसुलको पचास प्रतिशत छुटको व्यवस्था गरिएको

•

## ३. स्वदेशी उद्योगको संरक्षणका/प्रवर्द्धनका लागि देहाय बमोजिमका व्यवस्थाहरु गरिएको ,

- पेन्ट्स, सावुन, प्लाष्टिक जस्ता स्वदेशी उद्योगहरुको संरक्षणको लागि तयारी पेन्ट, सावुनजन्य बस्तु तथा प्लाष्टिकजन्य प्याकिङ मेटेरियलको पैठारीमा लाग्ने भन्सारमा महसुल बृद्धि,
- स्वदेशी झोला तथा जुत्ता चप्पल उद्योगको प्रवर्द्धन गर्न सवै किसिमका तयारी झोला तथा जुत्ताको पैठारी महसुल वृद्धि,
- स्वदेशी सेरामिक टायल उद्योगको संरक्षण गर्न तयारी टायलको पैठारीमा महसुल बृद्धि,
- स्वदेशी फलाम उद्योगहरुको प्रवर्द्धनको लागि त्यस्ता उद्योगले उत्पादन मालवस्तुको पैठारीमा लाग्ने महसुलमा बृद्धि गरिएको,
- उद्योगको कच्चा पदार्थको रुपमा प्रयोग हुने पेट्रोलियम कोक तथा क्याल्सियम कार्वोनेट, पोटासियम कार्वोनेट, सोडियम कार्वोनेट, लिथियम कार्वोनेट जस्ता रसायनहरुको पैठारीमा महसुल दर घटाईएको,

- उद्योगले पैठारी गर्ने प्रारम्भिक अवस्थाका पिग आइरन, फलाम मिश्रित फेरो-एलवाय लगायतका फलाम उत्पादनमा प्रयोग हुने कच्चा पदार्थमा पूर्ण भन्सार महसुल छुट दिईएको,
- प्राथमिक अवस्थाका जिंक र आल्मुनियम इन्गटको पैठारीमा लाग्ने महसुलमा पूर्ण छुटको ब्यवस्था गरिएको,
- बिद्युतीय मोटरसाइकल वा स्कुटर उद्योगले पैठारी गर्ने पार्टपुर्जा तथा सहायक सामाग्रिहरुको पैठारीमा लाग्ने महसुलमा ७५ प्रतिशत छुट दिईएको
- उद्योगले पैठारी गर्ने बल्क बिटुमिनमा लाग्ने महसुलमा ५० प्रतिशत छुट दिईएको.
- एसेम्बल गरी सवारी साधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल अवस्थाका सवारी साधन पैठारीगर्दा लाग्ने भन्सार महसुलमा २५ प्रतिशत छुट दिईएको,
- पर्यटन उद्योगको प्रवर्द्धन तथा विकासका लागि तारे होटल तथा रिसोर्टले पैठारी गर्ने पूर्व निर्मित घरहरु तथा इयाल ढोकाका सिसाहरुको पैठारी महसुल छुट गरिएको,
- डिस्पोजेवल डाइपर, बेबी वाइप्स र सेनिटरी प्याड उद्योगले पैठारी गर्ने कच्चा पदार्थमामा १ प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था गरिएको,
- निकासीजन्य उद्योगले पैठारी गर्ने कृषि जन्य पदार्थको पैठारीमा लाग्ने कृषि सुधार शुल्कमा समेत पासबुक र बन्डेड वयेरहाउसको सुविधा दिने ब्यवस्था थप गरिएको,

## ४. कम आवश्यकताका वस्तुहरुको पैठारी निरुत्साहित गर्न देहाय बमोजिमका व्यवस्थाहरु गरिएको ,

- स्वदेशी काठ एवं काठजन्य उत्पादनहरुको सदुपयोग गर्न तथा आयात प्रतिस्थापन गर्न यस्ता बस्तुहरुको पैठारीमा लाग्ने महसुलमा बृद्धि गरिएको,
- सुपारी, मरिच, केराउ तथा छोकडाको अस्वाभाविक पैठारीलाई ब्यवस्थित गर्न महसुल बृद्धि गरिएको.
- केही बस्तुहरु जस्तै:- ड्राई फ्रुट्स, जंक फुडहरुको पैठारीमा महसुल बृद्धि गरिएको,
- स्वास्थ्यलाई हानि पुर्याउने सुर्ति तथा मदिराजन्य बस्तुको पैठारीमा महसुल बृद्धि गरिएको,
- स्मार्ट फोनमा लाग्ने महसुल बृद्धि गरिएको,
- ४८ इन्चभन्दा बढीका टेलिभिजनको पैठारी महसुल वृद्धि गरिएको,
- बालबच्चाको स्वास्थ्यमा हानि नोक्सानी पुर्याउन सक्ने खेलौनाजन्य बस्तु तथा तासको पैठारीमा लाग्ने महसुल बृद्धि गरिएको,
- पेट्रोलियम इन्धनबाट चल्ने १५०० सी.सी. भन्दा बढी क्षमताका जीप, कार र भ्यानको पैठारी महसुल वृद्धि गरिएको,
- उच्च मूल्यका विद्युतीय हाइब्रिड जीप, कार र भ्यानको पैठारी महसुल वृद्धि गरिएको,

- विद्युतीय सवारी साधनमा उच्च मूल्य भएका 100 किलोवाट भन्दा बढी क्षमताका जीप, कार र भ्यानको पैठारी महसुल वृद्धि गरिएको,
- बढी विलासी प्रकृतिका २०० सी.सी. भन्दा बढी क्षमताका मोटरसाइकलको पैठारी महसुल वृद्धि गरिएको,

## ५. सामाजिक सुरक्षा र सामाजिक न्यायका लागि विशेष छुट सुविधा ,

- जनस्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने युरिन ब्यागमा लाग्ने महसुल पूर्ण छुट गरिएको
- मानव शरीर प्रत्यारोपणमा प्रयोग हुने आर टि एल सेप्टल डिफेक्ट लगायतका उपकरणमा लाग्ने महसुलमा १ प्रतिशत मात्र महसुल लाग्ने ब्यवस्था गरिएको
- महिलाहरुले प्रयोग गर्ने सेनिटरी टावेल (प्याड), टेम्पोन तथा मेन्सटुवल कपको पैठारीमा लाग्ने महसुलमा ९० प्रतिशत छुटको ब्यवस्था गरिएको
- सामुदायिक विद्यालयहरुले पैठारी गर्ने २ वटा बसको पैठारीमा लाग्ने महसुलमा ७५ प्रतिशत छुट दिईएको
- अपाङ्गता भएका ब्यक्तिहरुले प्रयोग गर्ने मालवस्तु उत्पादन गर्ने उद्योगहरुले पैठारीगर्ने कच्चा पदार्थमा लाग्ने महसुल पूर्ण छुट दिईएको
- फोहोरमैलाको ब्यवस्थापनमा प्रयोग हुने गार्वेज कम्प्याक्टर ढुवानी साधनमामा लाग्ने महसुल दर घटाईएको ।

**नोटः महसुल दरवन्दी सम्बन्धी व्यवस्थामा भएको परिवर्तनको विस्तृत विवरण यस विभागको वेव साइटः www.customs.gov.np मा उपलब्ध रहेको व्यहोरा समेत सम्वद्ध सरोकारवालाहरुको जानकारीका लागि अनुरोध छ ।**

**मितिः २०७९।०२।१७**